सम्पादकीय

आफ्नै वचन तोड्ने नेताहरू

राजनीति किन विकृत हुँदै गयो ? किन जवाफदेही हुन छाड्यो ? यस्ता प्रश्नहरू हाम्रा समाजमा धेरथोर रूपमा उठ्ने गरेका छन् । कुनै जमाना यस्तो पनि थियो, त्यसबेला राजनीतिलाई आदर्श मान्नेहरूको जमात थियो । त्यो बेला राजनीति कलुषित थिएन । त्यसकारण मान्छेले राजनीतिप्रति अगाध प्रेम गर्थे । हरेक नेतालाई विश्वास गर्थे । तर, आज अवस्था फरक छ । हरेक मान्छेहरू राजनीतिलाई घृणा गर्छन् भलै खुलेर भन्न सक्दैनन् । पछिल्लो स्थानीय तहको चुनावमा स्वतन्त्रबाट उठेका नागरिकलाई विश्वास गर्नु पनि यसैको उपज हो । राजनीतिक दलका नेताहरूले जे भने, त्यो गरेनन्, त्यसको ठीक उल्टो गरे । यसको ज्वलन्त उदाहरण प्रदेश १ को राजधानी रहेको विराटनगर महानगरपालिकालाई हेरे पुग्छ । चुनावी अभियानमा होमिरहँदा नागरिकका सामु सरकारी सवारी नचढ्ने वचनबद्धता गरेका नगर प्रमुख नागेश कोइरालाले त्यो वाचालाई तीन महिना नबित्दै भुलेका छन् । उपप्रमुख शिल्पा निराला कार्कीको त कुरै छाडौँ । उनले पद सम्हालेयता नै सवारी साधन प्रयोग गर्दै आइरहेकी छन् । चुनावी प्रतिबद्धतालाई चटक्कै भुलेर मनमौजी गर्ने शैली नेताहरूको पुरानै हो । अब यसमा कसले औंलो ठड्याउने ?

राजनीति आदर्श समाज निर्माणका लागि गरिन्छ । आदर्श समाजले त्यहाँका नागरिकलाई पनि आदर्श बन्नका लागि प्रेरित गर्छ । एउटा श्रेष्ठतम् समाज निर्माण हुनका लागि त्यहाँ बस्ने नागरिकको जति भूमिका हुन्छ, त्योभन्दा बढी भूमिका शासकको हुन्छ । शासकले आफू कस्तो हुने, कस्तो जीवनशैली अपनाउने ? भन्ने निर्धारण आफै गर्नुपर्छ । समाजलाई अग्रगमनतर्फ अगाडि बढाउनका लागि आफ्ना व्यक्तिगत इच्छा, आकाङ्क्षा र अभिलाषाहरू त्यागेर अगाडि बढ्नुपर्छ । समाजका लागि देन दिन सक्ने मान्छे नै राजनीतिमा योग्य व्यक्ति ठहरिन्छ । उसले मात्रै देश र नागरिकका लागि सोच्न सक्छ । तर, यहाँ त पाइला पाइलामा फाइदा देख्ने र फाइदा लुट्नेको साम्राज्य छ । यो साम्राज्य यसरी मौलाएको छ कि सार्वजनिक सम्पत्तिमाथिको दोहन जति गर्न सक्यो उति नै ऊ समाजमा आदर्श ठहरिन्छ । यस्तो अवस्थाबाट गुज्रिनुपर्ने नेपाली राजनीतिको कोर्ष अब कसरी अगाडि बढ्छ भन्ने आमचासो बढेको छ । नेपाली राजनीति यति दूषित भइसक्यो कि अब यसलाई सुधार गर्नु आवश्यक छ । त्यो सुधार जनताबाट मात्रै सम्भव छ । राजनीतिक ध्रुवीकरणमा जनता नलागी सत्यको पक्षमा लाग्न जरुरी छ । प्रजातन्त्र प्राप्तिको ७० औं वर्ष पूरा भइसक्दा पनि राजनीतिक दलहरूले आश्वासनका पोका बाँड्न छाडेका छैनन् । पुरानै खालको उनीहरूको शैलीप्रति अब जवाफ दिने बेला आउँदै छ ।

यहाँ उदाहरण विराटनगरका प्रमुख–उपप्रमुखको मात्रै हैन, सबैका सबै नेताहरू जनतालाई यसरी नै कुनै न कुनै रूपमा ढाँटेका छन्, छलेका छन् । कसैले गाडीका नाममा छलेका छन् । कसैले धनीपुर्जा दिने नाममा छलेका छन् । कसैले मल दिने नाममा छलेका छन् । अब धेरै भइसक्यो यस्ता कार्यबाट पाठ सिक्न जरुरी छ । हरेक नेता तथा कार्यकर्ताहरूको आश्वासनका पछाडि नलागी अबका चुनावमा ऐजेन्डा र मुद्दाका पछाडि लाग्न जरुरी छ । नेताहरूले जनतालाई कुनै न कुनै रूपमा ढाँटिरहेका हुन्छन् भन्ने कुरा नागेश कोइराला र शिल्पा निराला कार्कीको उदाहरणबाटै प्रष्ट हुन्छ । त्यसकारण अब हरेक नेपाली जनताले जो भोटिङ अधिकार प्राप्त हुँदै छन्, भएका छन् । उनीहरूले यस्ता ढाँट र छल गर्ने नेताहरूलाई पाठ सिकाउन जरुरी छ । अन्यथा फेरि पनि पानी धमिलो बनाएर माछा मार्ने चलनको अन्त्य हुन सक्दैन । त्यसतर्फ नेपाली जनता सचेत हुन आवश्यक छ ।

धरानमा पनि निकालियो गाईजात्रा

धरान *(ब्लाष्ट)* हास्य र करुण रसको सम्मिलन गाईजात्रा धरानमा ३२ परिवारले निकालेका छन् ।

धरानको सिद्धि नेवाः परिषद्ले गाईजात्राको आयोजना गरेको हो । आइतबार आयोजित कार्यक्रममा ३२ जना दिवङ्गत परिवारले गाईजात्रा निकालेर मनलाई शान्त पारे । यो पर्व मल्ल राजा प्रताप मल्लले चलाएका हुन् । आफ्नो पुत्रको वियोगमा रानीलाई थमथम्याउनका लागि गाईजात्राको चलन बसाएको किवंदन्ती छ । गाईजात्रा आफ्ना दिवङ्गत भएका आफन्तको सम्झनामा नेवार समुदायमा निकाल्ने चलन छ । विगत वर्षदेखि नै धरानमा सिद्धि नेवाः परिषद्ले गाईजात्राको आयोजना गर्दै आएको अध्यक्ष गोकुलप्रसाद श्रेष्ठले जानकारी दिए ।

मानिसलाई गाईको मुकुट पहिऱ्याई नगर परिक्रमा गर्ने चलन छ । यसमा हास्य रसमात्रै नभई व्यङ्ग्य रस पनि मिसाइएको हुन्छ । परिषद्बाट सुरु भएको गाईजात्रा छाताचोक, टेलिकम कार्यालय हुँदै पुरानो बजार, माछाभौडी, देशीलाइन, भानुचोक हुँदै पुनः परिषद्मा गई टुङ्गिएको थियो । गाईजात्रा सम्पन्न गर्न सहयोग गर्ने नेपाल स्काउट, नेवाः देय दबु नगर समितिलाई कार्यक्रमका संयोजक उमेश श्रेष्ठले धन्यवाद ज्ञापन गरे । गाईजात्रामा धिमेबाजा, ठाकठुके नाच, लाखे नाच पनि सहभागी गराइएको थियो । गाईजात्राको टोलीलाई धुलिखेल समाजले सामूहिक दान कार्यक्रमको आयोजना गरेको थियो ।

विजयपुर गढीमा लिम्बुवानद्वारा वृक्षरोपण

धरान *(ब्लाष्ट)* सङ्घीय लिम्बुवान पार्टी नेपाल सुनसरीसम्बद्ध लिम्बुवान काङ्सोरे फोर्सको आयोजनामा धरान-१४ विजयपुर गढी क्षेत्रमा वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ ।

विजयपुर गढी क्षेत्रमा विभिन्न प्रजातिका बिरुवा रोपिएको पार्टीका जिल्ला अध्यक्ष श्यामकुमार भुजेलले जानकारी दिए । उनका अनुसार धुपी, सल्ला, कटहर, केरा, आँप, सखुवा, बाँस प्रजातिका बिरुवा रोपिएको हो । बिरुवा रोपण कार्यक्रममा काङ्सोरे फोर्सका प्रतिनिधिहरू सहभागी थिए । साथै विजयपुर गढी क्षेत्रमा सफाइ कार्यक्रम पनि गरिएको थियो ।

कार्यक्रममा केन्द्रीय सचिव तथा जिल्ला इन्चार्ज सञ्जयहाङ राईले विजयपुर गढी क्षेत्र लिम्बुवानको ऐतिहासिक क्षेत्र भएकाले त्यसको संरक्षणमा पार्टी लागेको बताए । उनले ऐतिहासिक स्थलको संरक्षण गरी ऐतिहासिक सम्पदाको सूचीमा सूचीकृत गरिने बताए । कार्यक्रममा पार्टीका जिल्ला समितिका पदाधिकारी, केन्द्रीय पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

फरार अभियुक्त चार वर्षपछि पक्राउ

धरान *(ब्लाष्ट)* लागूऔषध मुद्दामा कैद तथा जरिबाना तोकिई फरार रहेका धरान-१५ का अभियुक्तलाई धरान प्रहरीले पक्राउ गरेको छ ।

धरान-१ मा लुकिछिपी बसिरहेको अवस्थामा प्रहरीले धरान-१५ का २८ वर्षीय सिङ्गराज कार्कीलाई आइतबार इलाका प्रहरी कार्यालय धरानले पक्राउ गरेको हो । जिल्ला अदालत सुनसरीले अभियुक्त कार्कीलाई २ वर्ष १० महिना २४ दिन कैद र १ लाख २५ हजार रुपैयाँ जरिबाना तिर्नुपर्ने भनी फैसला गरेको थियो । लागूऔषध मुद्दामा उनलाई २०७५ असार ५ गते जिल्ला अदालतले फैसला गरेको थियो । त्यसयता फरार उनी धरान-१ मा लुकेर बसेको अवस्थामा पक्राउ गरिएको इलाका प्रहरी कार्यालय धरानका डिएसपी बुद्ध श्रेष्ठले जानकारी दिए । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालतमा हाजिर गराई कारागार चलान गरिएको श्रेष्ठले जानकारी दिए ।

अवैध दूध पाउडर र सुपारी बरामद

धरान *(ब्लाष्ट)* झापाको मेचीनगर नगरपालिका-७ बाट प्रहरीले अवैध रूपमा भित्र्याउँदै गरेको अवस्थामा दूध पाउडर र सुपारी बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार आइतबार नेपाल भित्र्याउँदै गरेको अवस्थामा २ सय केजी दूध पाउडर र ३० केजी सुपारी बरामद गरेको हो । करिब १ लाख मूल्य बराबरको दूध पाउडर र १५ हजार मूल्य बराबरको सुपारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी डिएसपी वसन्त पाठकले जानकारी दिए ।

भन्सार छली गरी भित्र्याउँदै गरेको अवस्थामा प्रहरीले उक्त सामग्री बरामद गरेको हो । सुपारी भने मेचीनगर-६ काठमिल छेउबाट बरामद गर्न सफल भएको हो । बरामद सामग्री आवश्यक कारबाहीका लागि मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाइएको छ ।

इष्टर्न हाइड्रोपावर भोजपुरले प्रभावितका लागि शेयर निष्कासन गर्ने

भोजपुर *(ब्लाष्ट)* इष्टर्न हाइड्रोपावर लिमिटेड भोजपुरले भदौ ७ गतेदेखि साधारण शेयर निष्कासन तथा बिक्री खुला गर्ने भएको छ ।

आयोजनाबाट असर पर्ने जिल्लाका स्थानीय बासिन्दाका लागि शेयर निष्कासन तथा बिक्री खुला गरिने भएको हो । प्रतिकित्ता १ सयका दरमा ६ करोड २० लाख मूल्य बराबरको ६ लाख २० हजार कित्ता शेयर निष्कासन गर्न लागिएको लिमिटेडले जनाएको छ । भोजपुर जिल्लाका स्थानीय स्थायी बासिन्दाका लागि आगामी भदौ २१ गतेसम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे असोज ५ गतेसम्म न्यूनतम् १० देखि अधिकतम् १ लाख कित्ता शेयर खरिदका लागि आवेदन दिन सकिने व्यवस्था गरिएको छ ।

कम्पनीले भोजपुरको पिखुवा खोलामा ५ मेगावाट क्षमताको पिखुवा खोला साना जलविद्युत् आयोजना निर्माण गरिरहेको हो । लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सेवामा सहभागी बैङ्क तथा वित्तीय संस्थाबाट आस्वा प्रणालीमार्फत् शेयर खरिदका लागि आवेदन दिन सक्ने भएका छन् ।

जिल्लामा रहेका एनएमबी बैङ्क, ग्लोबल आइएमई बैङ्क, प्रभु बैङ्कको भोजपुर तथा हतुवागढी शाखा र लक्ष्मी बैङ्कको भोजपुर शाखा कार्यालयबाट शेयर खरिदका लागि आवेदन दिन सकिने कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक एनएमबी क्यापिटल लिमिटेडले जानकारी दिएको छ ।

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

मिक्लाजुङ गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसुची स्पष्टरुपमा देखिनेगरी बिक्रीकक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यलयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु(सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट(हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपुर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

पाठक-पत्र

प्रदेश नं. १ को नामकरणमा बाधक

पहिचान र जातीयताको कारणले प्रदेश १ को नामकरण हुन नसकेको बुझिन्छ । पहिचानको अर्थ हो, सबैले चिन्ने जान्ने देख्ने चिन्हलाई पहिचान भनिन्छ । कुनै पनि वस्तु नाम वा पहिचान विना चिन्न सकिँदैन । पहिचान हुनु आवश्यक छ । जातजाति भनेका शदियौदेखि अहिलेसम्म बस्दै आएका नेपाली भूमिका आ–आफ्नै भाषा, धर्म, सांस्कृतिक संस्कार, रीतिरिवाज मान्दै आएका हामी सबै नेपाली हौं । भूगोल वा पहिचानको नाममा प्रदेश १ को नाम जुराउनु ज्योतिषीज्यूहरूलाई गाह्रो भएजस्तो छ । कोसी, सप्तकोसी, सगरमाथा, मेची, किरात यसमा कुनै एकको नाम घोषणा गरिदिए भइहाल्यो नि । तर, के गर्ने, कोसी र सप्तकोसी राखौं भने त्यस क्षेत्रका छेउछाउ बस्नेलाई उचित होला, सगरमाथा नाम राखौं भने हिमाली क्षेत्र छेउछाउलाई उचित होला । किरात नाम राख्दा उपयुक्त देखिन्छ । वल्लो किरात, माझ किरात र पल्लो किरात यी तीनवटै किरात र १ नं. प्रदेशका खोलानाला, पहाड, पखेरा, तराई, खोल्साखोल्सी, वनजङ्गल सबै यसमा समिटिने देखिन्छ । जातीय आधारमा प्रदेशको नाम जस्तैः खम्बुवान, लिम्बुवान, तामाङघाली, मगराथी, थारुवान यी सबै मागहरू ती जातिको लागि त ठीकै होला तर, अरू पक्षको विवादले प्रदेशमा द्वन्द्व नहोला भन्न सकिन्न ।

यी सबै आ–आफ्नै ठाउँमा छन् । यसमा कत्ति सत्यता पनि छ । यसमा किरात चाहिँ जातीय होइन । किरात पहिचान हो । यसलाई प्रमाणका साथ भन्नु पर्दा राजा पृथ्वीनारायण शाहले नेपाल देशलाई एकीकरण गर्नुभयो । देश चलाउनको लागि विधि विधान बनाउँदा काठमाडौं पूर्व २ देखि ६ नम्बर दिइयो । १ नं. काठमाडौं, २ नं. रामेछाप, ३ नं. ओखलढुङ्गा, ४ नं. भोजपुर, ५ नं. धनकुटा, ६ नं. चैनपुर अनि यसभित्र ३ किरातहरूको नाम दिइयो । वल्लो किरात, माझ किरात र पल्लो किरात नामकरण र भागबण्डा गरेर देशलाई हाँक्नुभयो । अहिले वर्तमानमा पनि शासन सत्ता लिएपछि देश चलाउनको लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारभित्र वडापालिका, नगरपालिका, उपमहानगर र महानगर गर्दै देशलाई चलाएको छ । यो जातीय हो त ? होइन, पहिचान यस्तै राजा पृथ्वीनारायण शाहले पनि देश चलाउनको लागि किरात राखेका हुन् र सबै बुद्धिजीवी, पार्टी नेता, शिक्षक, पुरुष, महिला सबैले बुझेर जाऔं । २००७ सालदेखि उताको तमसुक, जग्गा–जमिन, लेना–देना, मुद्दा मामिलामा लेखिएका तमसुकहरू हेर्दा हुन्छ । कुन किरातमा लेखिएको भनेर तोकेको पाइन्छ र किरात जातीय होइन । पहिचान हो, हामी सबै भ्रममा परिराखेको छौं । नाराजुलुस गरिराखेको छौं । किरात जातीय हो भन्दै उफ्रिरहेका छौं तर, किरात जातीय होइन, पहिचान हो । धन्यवाद ।

–इन्द्र टक्का

सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, नेपाल

क्याटलग बिधिबाट सवारी साधन (बस) खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०४/३१ गते

यस कार्यालयको आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सवारी साधन (स्कुल बस) खरिद गर्नुपर्ने भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १(क)(८), सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ख र (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) बिधिबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्मले इजाजत पत्र, आधिकारिकताको प्रमाणपत्र र आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समावेश गरि सार्बजनिक खरिद नियमावली २०६४ को उपनियम ३१ख को उपनियम (२) अनुसारको देहाय बमोजिमको सवारी साधनको उत्पादकको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, कम्पनीको आधिकारिक मुल्य र सुबिधा सहितको विवरण खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सुचना प्रकाशित भएको मितिले १० दिन (मिति २०७९/०५/०९ गते दिनको २:०० बजे) भित्र कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गर्न हुन यस कार्यालयमा सुचीकृत भएका सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । सुचीकृत नभएका फर्महरुले पनि समय भित्र सुचिकृत भै प्रस्ताव पेश गर्न सक्नेछन् । शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

सि.नं.	खरिद गरिने सवारीसाधन	संख्या	स्पेशिफिकेसन	कैफियत
1	चारपाङ्ग्रे सवारी साधन (स्कुल बस)	1	Right Hand Drive 3*2 Seating Layout Model Bus, Vehicle shall not be less than 6500 Kg. Wheelbase should be min.3400 mm. Maximum rated power output not less than 70 HP at governed RPM with torque min. 240 NM at governed RPM, engine fully equipped with accessories, cold starting device, heavy duty fuel filter, Vehicle Mass Emission Standard of Nepal, Manual shift at least 5 forward and one Reverse Transmission, Parabolic Suspension, Atleast 7.5*16 - 16 PR Tyres, Power steering, hydraulic vacum assisted/Dual circuit full air S-Cam Brake with ABS., All metallic/FRP CAB with insulated roof, Steel heavy duty suitable for rough road conditions with toe-hook chassis and frame.	संक्षिप्त विवरणमा उल्लेख नभएका बिषयहरु Technical Specification बमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)